Australian Government

Nepali

# अष्ट्रेलिया यात्रा गर्दा वा अष्ट्रेलिया फर्किंदा

## यात्रीहरूका लागि जैविक सुरक्षा (बायोसेक्युरिटी) बारे जानकारी

अष्ट्रेलियाको बायोसेक्युरिटी सम्बन्धि कानून निकै कडा छ। यो अष्ट्रेलियाको कृषि र अद्वितीय वातावरण तथा वन्यजन्तुलाई किटाणु र रोगहरूबाट जोगाउन हो।

## तपाईं अष्ट्रेलिया आइपुग्नु अघि

Declaration (घोषणा पत्र) भर्नुहोस्। कानून अनुसार, तपाईंले केहि खाद्यान्न, वनस्पतिजन्य सामाग्री र पशुजन्य उत्पादनहरू सहित कुनै पनि जोखिमका वस्तुहरू घोषणा गर्नुपर्छ। यसमा निम्न सामान समावेश छन्: व्यावसायिक रूपमा तयार र प्याकेज गरिएका सामानहरू, घरमा बनाएका, ताजा, सुकाइएका, पकाएका, कांचो वा फ्रोजन, वा खाजा र खाना पकाउने सामग्रीहरू थोरै मात्रामा भए पनि।

विमान वा जहाजको खाना बाहिर नल्याउनुहोस्।

## जब तपाईं अष्ट्रेलिया आइपुग्नुहुन्छ

- अध्यागमन जाँच गराएर अगाडी बढ्नुहोस्।
- आफ्नो ब्यागेज (समान) उठाउनुहोस्।
- बायोसेक्युरिटी निरीक्षणमा जानुहोस् र आफ्नो घोषणा पत्र र तपाईंले घोषणा गर्नुभएका सामानहरू बायोसेक्युरिटी अफिसरलाई देखाउनुहोस्।
- तपाईंले कुनै पनि सामान घोषणा नगरे पनि तपाईंको झोलाहरू बायोसेक्युरिटी अफिसर, जासुसी कुकुर वा एक्स-रेद्वारा जाँच गर्न सकिन्छ।

## यदि तपाईंले जोखिमका सामानहरू घोषणा गर्नुभएन भने के हुन्छ?

यदि तपाईंले बायोसेक्युरिटी अफिसरलाई वा तपाईंको घोषणामा गलत वा भ्रामक जानकारी दिनुभयो भने, वा यदि तपाईंले ल्याउनुभएको सामानको बारेमा प्रश्नहरूको जवाफ दिन वा बायोसेक्युरिटी अफिसरले दिएको निर्देशनहरूको पालना गर्न असफल भएमा, तपाईंलाई निम्न कुराहरू हुन सक्छ:

- नागरिक सजायको कार्यवाही बमोजिम
- उल्लंघन सूचना दिइनेछ र/वा
- फौजदारी अपराधको अभियोग लगाईनेछ।

थप जान्नका लागि स्क्यान गर्नुहोस्

तपाईंको भिसा रद्द पनि हुन सक्छ र यदि त्यसो भएमा, तपाईं अष्ट्रेलिया प्रवेश गर्न पाउनुहुन्न र तपाईं तीन वर्षसम्म अष्ट्रेलिया फिर्ता आउन पनि पाउनुहुन्न।

अष्ट्रेलियामा ल्याउन अनुमति नभए पनि यदि तपाईंले सबै सामानहरू घोषणा गर्नुभयो र देखाउनुभयो भने तपाईंलाई *बायोसेक्युरिटी ऐन २०१५* अन्तर्गत दण्डित गरिने छैन।

## तपाईंले घोषणा गर्नुभएका सामानहरू के हुन्छ

बायोसेक्युरिटी अफिसरले तपाईंले देखाएका सामानहरूको निरीक्षण गर्नेछ र थप जानकारी वा कागजातहरू माग्न सक्छ।

यदि यी सामानहरू ल्याउन अनुमति छ र निरीक्षण पास भयो भने त्यो सामान तपाईंलाई फिर्ता गरिनेछ। यदि यी सामानहरू निरीक्षण पास भएनन् भने, तपाईंले यी सामानहरुलाई उपचार गर्न, अष्ट्रेलियाबाट निर्यात वा नष्ट गर्न रकम तिर्नु पर्ने हुन सक्छ। बायोसेक्युरिटी अफिसरले तपाईंलाई सल्लाह दिनेछन्।

## अष्ट्रेलियामा कुन सामान लैजान मिल्छ वा मिल्दैन कसरी थाहा पाउने

**agriculture.gov.au/bringing-goods** मा हेर्नुहोस्।

विशेष आयातका सर्तहरू वा आवश्यक कागजातहरूको लागि, **agriculture.gov.au/bicon** मा बायोसेक्युरिटी इम्पोर्ट कंडीशन सिस्टम (BICON) मा हेर्नुहोस्। यदि तपाईंलाई आयात अनुमति चाहिन्छ भने, तपाईंले अष्ट्रेलियामा सामान ल्याउनु अघि तपाईंले आवेदन दिनुपर्छ र अनुमति प्राप्त गर्नुपर्छ।

यदि तपाईं निश्चित हुनुहुन्न भने, खाद्यान्न, वनस्पतिजन्य सामाग्री र पशुजन्य उत्पादनहरू नल्याउनुहोस्।

थप जानकारीको लागि, **1800 900 090** मा फोन गर्नुहोस् वा **imports@aff.gov.au** मा इमेल गर्नुहोस्।

**तपाईंले केहि खाद्यान्न, वनस्पतिजन्य सामाग्री र पशुजन्य उत्पादनहरू घोषणा गर्नुपर्छ। यहाँ केही उदाहरणहरू छन्, तर याद राख्नुहोस् यदि तपाईं निश्चित हुनुहुन्न भने, यसलाई घोषणा गर्दिनुहोस्।**

## दूधजन्य र अण्डाका उत्पादनहरू

- शिशुको दूध (फर्मुला)
- पनीर, दूध र दही
- सिङ्गै, सुखाएको वा धुलो पारिएको अण्डा
- मायोनेज
- चाउ चाउ र पास्ता

## वनस्पतिजन्य सामाग्री

- जीवित बिरुवाहरू
- बीउ, टुसा र हांगाहरु
- ताजा र सुकेका फूलहरू
- शिल्प र गहना
- काठका वस्तुहरू
- बोक्रा, पातहरु र पराल

## खानेकुरा

- विमान वा जहाजमा दिएको खानेकुरा
- कांचो र पकाएको खाना र मरमसला
- चामल
- घरमा पकाएको वा व्यावसायिक रूपमा प्याक गरिएको खाना
- मह
- हर्बल चिया र औषधिहरू सहित जडिबुटी र मसलाहरू
- खाजा
- स्यान्डविच, र्याप, रोल र बर्गर

## फलफूल र तरकारी

- ताजा, फ्रोजन, औषधि प्रयोग गरिएको र सुकेको

## मासु, कुखुरा र समुद्रीखानाका उत्पादनहरू

- ताजा, सुकेको, फ्रोजन, पकाएको, पोलेको, नुनिलो र औषधि प्रयोग गरिएको

## जनावरहरूका लागि खाना र उपकरण

- पाल्तु जनावरका खाना र भोजन
- औषधि
- काठीहरू
- भेटेरिनरी, ग्रुमिङ, भुत्ला काट्ने र माहुरी पालन गर्ने उपकरण

## जीवित जनावर र पशुजन्य उत्पादनहरू

- अण्डा र गुँड
- प्वाँख, हड्डी, सिङ, छाला, जनावरको भुत्ला र रौं
- खेलौना जनावर र चराहरू
- समुद्री शंख तथा मुगा
- मौरीको चाका र अन्य मौरीका उत्पादनहरू

## काष्ठफल वीउ, गेडागुडी र अन्न

## बाहिरी, शिविरमा बस्ने र खेल उपकरण र जुत्ता

- पदयात्रा गर्दा लगाउने जूता
- माछा मार्ने उपकरण
- माटो, बीउ, जनावर वा मल पदार्थ, वा ताजा पानीलाई दुषित गराउन सक्ने कुनै पनि चीज

# तपाईं आइपुगेपछि बायोसेक्युरिटी जोखिम फेला परेमा के गर्ने

यदि तपाईंले झोला खोल्दा जीवित जनावर, कीरा, माटो, बिरुवाका सामग्री वा अन्य जोखिमपूर्ण वस्तुहरू फेला पार्नुभयो भने, **1800 798 636** मा फोन गर्नुहोस्। तपाईंलाई सजाय दिइने छैन।

## अन्य सामानहरू

निम्न वस्तुहरू बायोसेक्युरिटी जोखिममा पर्दैनन्:

- मादक पदार्थ र चुरोट
- (ल्यापटप, ट्याब्लेट, फोन र क्यामेरा) लगायतका इलेक्ट्रोनिक उपकरण
- (गहना, घडी र मुद्रा) लगायतका बहुमूल्य वस्तुहरू।

यी आयातहरू गृह मामिला विभाग द्वारा नियमन गरिन्छ र तिनीहरूले यी सामानहरू छुटाउनु अघि निरीक्षण गर्न र सफाई दिन आवश्यक हुन सक्छ। सीमा र आयात शुल्क र करहरू मार्फत यी सामानहरूको सफाई लिने बारे थप जानकारीको लागि, **homeaffairs.gov.au** मा जानुहोस्।

ओभर-द-काउन्टर (प्रिस्क्रिप्शन बिना सिधै किन्ने) वा प्रिस्क्रिप्शन सहितको औषधिहरू र अन्य चिकित्सीय सामानहरूको लागि, Therapeutic Goods Administration (चिकित्सकीय सामान सम्बन्धि प्रशासन)को **tga.gov.au** मा हेर्नुहोस्।

शार्कको पंख (फिन), सर्पको छाला, हात्तीको दाँत, कछुवाको छिल्का र दुर्लभ अर्किडहरू सहित वन्यजन्तु र वनस्पतिहरूको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि (CITES) अन्तर्गत सूचीबद्ध वनस्पति र पशु प्रजातिहरूको आवागमनको जानकारीको लागि जलवायु परिवर्तन, ऊर्जा, वातावरण तथा जल विभागको **dcceew.gov.au/environment/wildlife-trade/non-commercial** मा हेर्नुहोस्।

**फोन:** 1800 900 090 वा
+61 3 8318 6700 (अष्ट्रेलिया बाहिरबाट)

© Commonwealth of Australia 2024. यस तथ्यपत्रमा भएको जानकारी प्रकाशनको समय सम्म सही छ। बायोसेक्युरिटी आयातका सर्तहरू सूचना बिना परिवर्तन हुन सक्छन्।

**agriculture.gov.au**/travelling

**फेसबुक:** Australian Biosecurity
**इन्स्टाग्राम:** @australianbiosecurity

BIO076.0623